# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०७।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका घुस/रिसवत सम्बन्धी ९ वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०७।२९ मा सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी कृष्णहरि वाग्ले (वि.अ. को मु.नं. (०७७-CR-००२३) वि.अ. को फैसला मिति २०७९।०३।१६ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. कृष्णहरि वाग्लेले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१)को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निज कृष्णहरि वाग्लेलाई बिगो रु.२५,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन। | **फैसला:** प्रतिवादीलाई सफाई ।<br><br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• प्र.ले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• अ.दु.अ.आ. कै योजनामा प्रतिवादी कृष्णहरि वाग्लेलाई घुस/रिसवत लिन दुरुत्साहन गरी उजूरीकर्ता मार्फत नै सरकारी कोषको रकम घुस रिसवत वापत उपलब्ध गराएको अवस्था र २०७४-WC-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० खारेज भैसकेको समेतको कारणले आरोप दावीसाथ पेश भएको बरामदी मुचुल्का, वरामद दशी, उजूरीकर्ताको बकपत्र श्रव्य-दृश्य सामग्री प्रमाणबाट अपवर्जन हुने देखिएको,<br>• प्र.ले स्वेच्छाले रिसवतको रकम माग गरी स्वेच्छाले लिएको प्रमाणद्वारा पुष्टि हुन सक्ने देखिएन,<br>• प्र. उपर लगाईएका आरोपदावी वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेको। | • प्र.ले मौकामा कसूरमा सावित भई आफ्नै हस्तलिखित गरेको वयान लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य नै देखिएको ।<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्र."आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २ | प्रतिवादी जय नेपाल थापा (वि.अ. को मु.नं. (०७६-CR-०२२०) को फैसला मिति | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. जय नेपाल थापाले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिँदा बिगो रू.४०,०००।– कायम गरी निज जय नेपाल थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा | **फैसला:** प्रतिवादीलाई सफाई ।<br><br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• अ.दु.अ.आ. कै योजनमा प्रतिवादीलाई घुस रिसवत लिन दुरुत्साहन गरी उजूरीकर्ता मार्फत नै सरकारी कोषको रकम घुस रिसवत वापत उपलब्ध गराएको अवस्था र | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।०२।१९ | | (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन। | २०७४-WC-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अ.दु.अ.आ. नियमावली २०५९ को नियम ३० खारेज भै सकेको समेतको कारणले आरोपदावी साथ पेश भएको वरामदी मुचुल्का, वरामद दशी, उजुरी, उजुरीकर्ताको बकपत्र, श्रव्य-दृश्य सामग्री प्रमाणबाट अपवर्जन हुने देखिएको,<br>• प्रतिवादीले अनुसन्धान तथा अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• प्रतिवादीले स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस बापतको रकम लिएको नदेखिएको । | प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र.ले आरोपित कसूरमा इन्कार रहि बयान गरेतापनि आफ्नो झोलाबाट रकम बरामद भएको र उजुरी निवेदकसँग पटक पटक फोनमा कुरा गरेको निजसँग भेट भएपछि चिया नास्ता खाँदा निजले मलाई केही रकम दिएको भनी अनुसन्धान अधिकारी तथा अदालत समक्ष साविति बयान गरी दिएको,<br>• प्र. र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• श्रव्य-दृष्य सि.डी., स्क्रिप्ट राईटिङ्गलाई प्रतिवादीहरुले समेत अन्यथा पुष्टि गर्न नसकेकोमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर विपरीत भएको।<br>• "आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको। |
| ३ | प्रतिवादी चित्र बहादुर के. सी र कमलप्रसाद पौडेल (वि.अ. को मु.नं. (०७६-CR-०३४२) वि.अ. को फैसला मिति २०७९।०२।१९ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. चित्र बहादुर के.सी.समेतले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकाले निज प्रतिवादीहरू कमल प्रसाद पौडेल र चित्र बहादुर के.सी.लाई बिगो रु. २,००,०००/- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** दुवै प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• अ.दु.अ.आ. कै योजनमा प्रतिवादी कमलप्रसाद पौडेललाई घुस रिसवत लिन दुरुत्साहन गरी उजुरीकर्ता मार्फत नै सरकारी कोषको रकम घुस रिसवत वापत उपलब्ध गराएको अवस्था हुँदा र २०७४-WC-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अ.दु.अ.आ. नियमावली २०५९ को नियम ३० खारेज भैसकेको समेतको कारणले आरोप दावीसाथ पेश भएको वरामदी मुचुल्का, वरामद दशी, उजूरी, उजूरीकर्ताको बकपत्र, श्रव्य-दृश्य | • प्र.हरु र निवेदकबीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको ।<br>• प्र. चित्र बहादुर के. सी. ले आफूबाट उक्त रकम बरामद भएको र अडियो सिडीमा भएको स्वर म, निवेदक र कमल सरको हो भनी मौकमा तथा अदालतमा बयान गरिदिए समेतबाट उजुरी पुष्टी भएको,<br>• रंगेहात नमूना परीक्षण मुचुल्का, खानतलासी बरामदी मुचुल्कासमेतबाट प्र.हरुले वारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सामग्री प्रमाणबाट अपवर्जन हुने देखिएको,<br>• प्र.हरुले अनुसन्धान तथा अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• प्र.हरुले बदनियतपूर्वक स्वेच्छाले घुस बापतको रकम माग गरी लिएको भन्ने आरोपदावी पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादीले पेश गर्न नसकेको । | निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ४ | प्रतिवादी सिद्धराज जोशी (वि.अ. को मु.नं. (०७७-CR-००१०), वि.अ. को फैसला मिति २०७९।०३।०९ | घुस/ रिसवत लिई भ्रष्टाचार गरेको। | प्र.सिद्धराज जोशीले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकाले निज प्रतिवादी सिद्धराज जोशीलाई बिगो रू.८५,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन। | <u>फैसलाः</u> प्रतिवादीलाई सफाई।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीले अनुसन्धान तथा अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• वरामदी रकम आयोगबाट उपलब्ध गराइएको रकम देखिदा प्रमाणमा ग्राह्य नदेखिएको,<br>• प्र.को साथबाट घुस रिसवत वरामद नभएको तथा वरामदी मुचुल्कामा प्रतिवादीको सहीछाप नभएको,<br>• प्र. उपर लगाईएका आरोपदावी वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन नसकेको। | • प्र.ले मौकामा र अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो कार्यकक्षमा रहेको टेबुलको घर्राबाट उक्त घुस/रिसवत वापतको रु. ८५,०००।- बरामद भएकोमा सावित रहेको,<br>• प्र.को पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोली छलछाम गरेको भन्ने देखिएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, समेतबाट पुष्टि भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ५ | प्रतिवादीहरु | घुस/ रिसवत | प्रतिवादीहरु देवी प्रसाद गौतम र नेत्र प्रसाद लामिछानेले भ्र.नि. ऐन, | <u>फैसलाः</u> दुवै प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>** | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए |

| | | | | | |
|---|---|---|---|---|---|
| | नेत्रप्रसाद लामिछाने र देवी प्रसाद गौतम (वि.अ. को (०७७-CR-०१०८) वि.अ. को फैसला मिति २०७९।०३।१० | लिई भ्रष्टाचार गरेको। | २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसूरमा विगो रु. ५०,०००।— कायम गरी निज प्र.हरुलाई भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन । | • प्रतिवादीहरुले अनुसन्धान तथा अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरी आफ्ना साक्षीको बकपत्रबाट इन्कारी बयान समर्थित गराएको,<br>• वादी पक्षले स्वतन्त्र प्रमाणबाट प्रतिवादीहरुले उजुरवालासँग घुस रिसवत मागेको भन्ने पुष्टि गर्न नसकेको,<br>• वरामदी रकम अ.दु.अ.आ.बाट उपलब्ध सरकारी कोषको रकम देखिदा अधिवक्ता विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसदसमेत भएको मुद्दामा सर्वोच्च अदालतको संवैधानिक ईजलासबाट प्रतिपादित सिद्धान्त तथा भएको व्याख्यासमेतका आधारमा उक्त वरामदी रकम र वरामदी तथा खानतलासी मुचुल्का र आयोगबाट तयार भएको सिडि लगायतका अन्य प्रमाणलाई प्रमाणयोग्य मान्न मिल्ने नदेखिएको | गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्र.हरु र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको<br>• रंगेहात नमूना परीक्षण मुचुल्का, खानतलासी बरामदी मुचुल्का एवं अडियो रेकर्ड समेतबाट प्र.हरुले वारदात घटाएको पुष्टि भएको,<br>• **“आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने”** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६ | प्रतिवादी सुरेन्द्र अधिकारी (वि.अ. को मु.नं(०७७-CR-००७१) वि.अ. को फैसला मिति २०७९।०३ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी सुरेन्द्र अधिकारीले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसूर गरेकाले निजलाई विगो रु.१,५०,०००।- कायम गरी निज सुरेन्द्र अधिकारीलाई भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ)बमोजिम सजाय हुन। | <u>फैसलाः</u> प्र.ले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• वरामद रकम राज्यकोषको देखिएको र राज्यकोषको रकमलाई दशी प्रमाण तथा विगो समेत नमान्ने भनी विष्णुप्रसाद घिमिरे विरुद्ध अ.दु.अ.आ. समेत भएको ०७४-WC-००२० को रिट निवेदनमा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट व्याख्या भएको सन्दर्भमा प्रतिवादीको साथबाट घुस रिसवत रकम वरामद भएको पनि देखिंदैन। निज बसेको छेउँमै वरामद | • प्र.ले मौकामा र अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि निजको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोली छलछाम गरेको भन्ने देखिएको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, समेतबाट पुष्टि भएको,<br>• **"अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नहुने भनि।”** (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | ।३० | | | भएको भनी भनेतापनि वरामद रकम राज्यकोषको भई त्यसको प्रमाणिक मान्यता नहुने,<br>• वरामद रकम नै प्रमाणग्राह्य नभएपछि वरामदी मुचुल्कामा बस्ने व्यक्तिहरुको बकपत्रलाई आधार लिई प्रतिवादीलाई दोशी करार गर्न मिल्ने देखिएन,<br>• वादीका साक्षी उजुरकर्ताले नै आरोपदावी खण्डित हुने गरी बकपत्र गरिदिएको,<br>• प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• प्रतिवादी उपर लगाईएको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको। | बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम बार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोपमागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ७ | नारायणराज मिश्र र भाइकाजी गौतम (वि.अ. को मु.नं. ०७६-CR-०१८४), वि.अ. को फैसला मिति २०७९।३।२४ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | ▪ नारायणराज मिश्रलाई बिगो रु. ४०,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन तथा भाइकाजी गौतमलाई सोही ऐनको दफा ३(१) बमोजिम र दफा २२ को कसूरमा बिगो रु. ४०,०००।—कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन। | <u>फैसलाः</u> प्रतिवादीद्वयलाई सफाइ<br>**<u>आधार</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने।<br>• सिडी, रङ्गेहात मुचुल्कालगायतका प्रमाणहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० सँग सम्बन्धित रहेकोले ०७५-CR-१११० र १३४३ पुनरावेदक गोविन्दप्रसाद कँडेलसमेत विरुद्ध नेपाल सरकार भएको घूस/रिसवत मुद्दामा उक्त प्रमाणहरू स्वतन्त्र अस्तित्वको प्रमाण मान्न नमिल्ने,<br>• पुनरावेदक लेखनाथ बुर्लाकोटीविरुद्ध | ▪ आरोप मागदावीमा उल्लेख भएको कुरा शङ्कारहित तवरबाट नै पुष्टि भएको,<br>▪ टेलिफोन वार्तालापमा प्रतिवादीहरूले रकम माग गरेको स्पष्ट रहेको,<br>▪ प्रतिवादीलाई रकम दिने उद्धवप्रसाद पराजुलीले मौकाको उजुरी निवेदन सनाखत गरी प्रतिवादी नारायणराज मिश्रले उक्त रकम जाहेरवालाबाट नभई आफैमार्फत मागेको र रकम लिएर आएपछि आफूलाई सङ्केत गरेपछि भाइकाजी गौतमलाई दिन भनेको र उक्त निवेदनमा खुलाएअनुसारको मोही लगत कट्टाको निर्णय गराउने जिम्मा नारायणराज मिश्रले नै लिएको प्रतिवादीहरूले घूस रकम मागेको स्पष्ट लेखाएकोबाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र दफा १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको,<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने,<br>• प्रतिवादीले स्वेच्छाले रकम मागेको हुनुपर्ने, निजबाट रकम बरामद भएकै आधारमा मात्र भ्रष्टाचारको कसूर नहुने (ने.का.प. २०७७, अङ्क १, नि.नं. १०४१३)। उजुरीकर्ताको उजुरी व्यहोरा नै शङ्कास्पद र विवादास्पद रहेको,<br>• उजुरकर्ता धनबहादुर लामा र निजका लेखापढी गर्ने उद्धवप्रसाद पराजुलीको उजुरी एवम् बकपत्र व्यहोरासमेत आयोगको नियमावली २०५९ को नियम ३० सँगको रकमसँग सम्बन्धित देखिँदा उक्त बकपत्रलाई आधार मानेर कसूरदार ठहर गर्न नहुने। | घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको।(ने.का.प. २०६७, अङ्क ४, नि.नं. ८३४०),<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३),<br>▪ सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)। |
| ८ | प्रकाश तिवारी (वि.अ. को मु.नं. ०७६-CR-०२८३, वि.अ. को फैसला मिति २०७९।३।३) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसूरमा बिगो रू.६,०००।- कायम गरी ऐ ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम हुने सजाय। | **<u>फैसलाः</u>** प्रतिवादीलाई सफाई<br>**<u>आधार</u>**<br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरेविरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर नहुने<br>▪ सिडी, रङ्गेहात मुचुल्कालगायतका प्रमाणहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० सँग सम्बन्धित रहेकोले ०७५-CR-१११० र १३४३ पुनरावेदक गोविन्दप्रसाद कँडेलसमेत विरुद्ध नेपाल | ▪ मौकाको उजुरी निवेदन सनाखत गरी प्रतिवादीले घूस रकम मागेको स्पष्ट लेखाएको उजुरवालाको बकपत्र बाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र दफा १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको,<br>▪ आरोप मागदावीमा उल्लेख भएको कुरा शङ्कारहित तवरबाट नै पुष्टि भएको,<br>▪ टेलिफोन वार्तालापमा प्रतिवादीहरूले रकम माग गरेको स्पष्ट रहेको,<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>▪ रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विद्युतीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सरकार भएको घूस/रिसवत मुद्दामा उक्त प्रमाणहरू स्वतन्त्र अस्तित्वको प्रमाण मान्न नमिल्ने,<br>▪ पुनरावेदक लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने,<br>▪ प्रतिवादीले स्वेच्छाले रकम मागेको हुनुपर्ने, निजबाट रकम बरामद भएकै आधारमा मात्र भ्रष्टाचारको कसूर नहुने (नि.नं. १०४१३)।उजुरीकर्ताको उजुरी व्यहोरा नै शङ्कास्पद र विवादास्पद रहेको।बकपत्रलाई मात्र आधार मानेर कसूरदार ठहर गर्न नहुने । | माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)।श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३),<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको (ने.का.प. २०६७, अङ्क ४, नि.नं. ८३४०),<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ९ | लोकराज जोशी (वि.अ. को मु.नं. ०७७-CR-०११२, वि.अ. को फैसला मिति २०७९।३।१०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रु. २४,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा दफा ३(१)(क) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** प्रतिवादीलाई सफाई<br>**<u>आधार</u>**<br>• ठाकुरबहादुर खत्री विरुद्ध नेपाल सरकार (०७६-CR-०००४) मुद्दामा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने भएकोले टेलिफोन मोबाइलफोनजस्ता अन्य स्वतन्त्र प्रमाणको पनि कानूनी दृष्टिकोणबाट महत्त्व नहुने।<br>• प्रतिवादीले मौकामा बयान गर्दा उजूरवालासँग पैसा लिएको कुरासम्म स्वीकार गरे पनि अदालतसमक्ष कसूरमा | ▪ अडियो रेकर्डमा घूस रकम माग गरिएको स्पष्ट सुनिएको।<br>▪ उजुरी निवेदन तथा अनुसन्धानको क्रममा तयार भर्पाइ तथा कागजातहरूको व्यहोरा ठीकसाँचो हो भनी बकपत्रमा निवेदकले लेखाएकोबाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र दफा १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको,<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>▪ रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पूर्णरूपमा इन्कार रहेको र सो इन्कारी निजका साक्षीको बकपत्रबाट समर्थन भएको। उजुरवालाले प्रतिवादीको विरुद्धमा उजूरी गरी सोहीबमोजिम बकपत्र गरेको देखिए पनि निजको भनाइ अन्य स्वतन्त्र प्रमाणबाट समर्थित र पुष्टि हुन नसकेको। | (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)।श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३),<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको।(ने.का.प. २०६७, अङ्क ४, नि.नं. ८३४०)। |